# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १५ गते २०४१ साल

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कृषि विभाग र पशु विकास तथा पशु स्वास्थ्य विभागलाई देहायबमोजिमको अधिकार प्रत्यायोजन गरिएको छ ।

(क) आफ्नो अधिकार क्षेत्रको अधीनमा रही बीस लाखसम्म स्थिर जेथा भएको साना नन्-म्यानुफ्याक्चरिङ तथा नन्-प्रोसेसिङ तथा पशुजन्य उद्योगहरूको इजाजत दिने ।

(ख) बीस लाखभन्दा बढी स्थिर जेथा भएका उद्योगहरूको इजाजत औद्योगिक प्रवर्द्धन समितिबाट प्रदान गरिने हुनाले विदेशी लगानी भएका बाहेकका त्यस प्रकारका नन्-म्यानुफ्याक्चरिङ तथा नन्-प्रोसेसिङ उद्योगहरूको इजाजतको लागि पर्न आएका निवेदनहरू सिफारिशसाथ उद्योग विभागमा पठाउने ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित उद्योगहरूका लागि विदेशी मुद्राको आवश्यकता हुन गएमा प्राविधिक औचित्यतासमेत दर्शाई उद्योग विभागमा सिफारिश गरी पठाउने ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

358

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।